राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ३९, वैशाख ३० गते शुक्रबार, २०७९ (13 May, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# 'निरंकुश तानाशाहीको अन्त्यका लागि गठबन्धन'

## सर्वत्र चुनावी रापताप : सहमतिविरूद्ध जानेलाई कारबाही गर्ने देउवाको चेतावनी

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** स्थानीय तहको चुनाव जतिजति नजिकँदै छ नेपाली राजनीतिक रंगमञ्चमा रापताप उत्तिकै मात्रामा बढिरहेको छ। चुनाव नजिकँदै गर्दा मुलुकमा विद्यमान ठूला दलदेखि भारेभुर समूह समेत आ-आफ्ना कुरा लिएर जनताका घरदैलोमा पुग्ने नयाँ तथा पुराना तौरतरिका तीव्र रूपमा चलिरहेकै छन् । नेपाली राजनीतिक जगतमा विकसित अग्रगामी र पश्चगामीबीचको ध्रुवीकरण तथा ताममेलको अवस्था समेत आसन्न चुनावमा समेत तीव्र रूपमा देखा परिरहेकै छ।



केही समयअघि नेकपा एमालेका अध्यक्ष समेत रहेको दुईतिहाई बहुमत प्राप्त सरकार का प्रधानमन्त्री खड्गप्रसाद ओलीले दुई-दुई पटक संसद्को विघटन गरेपछि झनै गठबन्ध प्रक्रियाले मूर्त र स्थायी रूप लिँदै अगाडि बढेको देख्न सकिन्छ । ओलीको सोही कदमतर्फ औंल्याउँदै वर्तमान प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले स्थानीय तहको निर्वाचनमा निरंकुश तानाशाह प्रवृत्तिको अन्त्यका लागि पाँच दलीय गठबन्धन गरिएको उल्लेख गरेका छन् । गठबन्धनका प्रमुख दलका शीर्ष नेता देउवा तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले केही दिनअघि मुलुकभरका विभिन्न जिल्ला संयुक्त चुनावी सभामार्फत आफ्ना नेता-कार्यकर्तालाई गठबन्धनको सहमतिअनुसार एकजुट भएर निर्वाचनमा लाग्न आग्रह गर्दै मुलुकले ठूलो बलिदानपछि प्राप्त राजनीतिक उपलब्धीको रक्षाका लागि आवश्यकताले जन्माएको गठबन्धनप्रति इमानदार हुनेपर्नेमा जोड दिँदै आएका छन् ।

यसअघिझैं संविधान र प्राप्त उपब्धीलाई धराप जानेबाट रोक्नका निम्ति सबै स्वार्थ त्यागेर राजनीतिक परिवर्तनको रक्षाका लागि गरिएको सहमितको मर्मअनुसार नै मतदान गर्न दुवै नेताले आग्रह गरेका छन् ।

क्रमशः अन्तिम पृष्ठमा

# 'गठबन्धनमा बखेडा झिक्दा सबै खत्तम हुन्छ'



**काठमाडौं ।** निकट भविष्यमै सम्पन्न हुन गइरहेको स्थानीय तहको निर्वाचनको सरगर्मी बढिरहेको बेला पाँच दलीय गठबन्धमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)सहितका दलका शीर्ष नेताहरूले सबैतर्फ मिलाएर सहमतिअनुसारका उम्मेदवारलाई मतदान गर्ने विषयमा बखेडा झिक्न नहुनेमा जोड दिएका छन् । आसन्न स्थानीय तहको निर्वाचन अग्रगमनकारी शक्ति र पश्चगामी शक्तिबीचको लडाईं भएको भन्दै शीर्ष नेताहरुले राजनीतिक स्थिरता र आर्थिक विकास र नयाँ युगको सुरुआतका लागि यो गठबन्धन आएको स्पष्ट पारेका छन् ।

यसैबीच कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले ठूलो संघर्ष र सकसबीचबाट बनेको गठबन्धन टुटाउने षड्यन्त्र भइरहेको भन्दै यसलाई कुनै पनि हालमा सफल हुन नदिने प्रतिबद्धता व्यक्त गरे । गठबन्धन विरोधी सबैखाले षड्यन्त्रप्रति सचेत, सजग सक्तत भएर दरोसँग उभिन नेता-कार्यकर्तालाई आग्रह गरेका उनले भने 'गठबन्धन

क्रमशः अन्तिम पृष्ठमा

# प्राणवायुको रक्षार्थ रूखलाई माया गरौं



समय-सन्देश
कृष्णप्रसाद भुसाल

हामीले अहिलेसम्म कति रुख रोप्यौं ? वृक्षारोपणका अभियान कति चलायौं ? र, आफैंले लगाएका बिरुवा कति हुर्कायौं ? हामीले जे-जति रुख-बिरुवाहरू हुर्कायौं तीभन्दा बढी नै काट्यौं कि ? अथवा, हामी आफैंले नकाटे पनि हाम्रै प्रयोगका लागि त पक्कै काटिए र काटिइरहेका छन् ।

हामीले यी प्रश्नहरूको उत्तर आफैंमा खोज्ने प्रयास गर्‍यौं भने पर्यावरणीय चक्रमा हामीले केही न केही योगदान अवश्य गर्न सक्दछौं । आज वातवरणीय असन्तुलन पैदा भएको छ। र, हामीले त्यसका अनेकौं दुष्परिणाम भोगिरहेका छौं ।

रुख (समग्रमा वनस्पतिजगत्) पृथ्वीमा सनातन पर्यावरणीय चक्रको सञ्चालन तथा सन्तुलन र प्राणीजगत् जिउने प्रमुख आधार हो । गाँस, बास, कपास र औषधिमूलो मात्र होइनन्, स्वास-प्रश्वासका लागि अत्यावश्यक तत्त्व अर्थात् प्राणवायु अक्सिजन समेत वनस्पतिजगत्कै उपज हो ।

एक स्वस्थ व्याक्तिले दिनमा कम्तिमा पनि ५ सय ५० लिटर अक्सिजन लिन्छ, जसको न्यूनतम बजार मूल्य १३ हजार ७ सय ५० रूपैयाँ पर्छ। रुख अर्थात् वनस्पतिबाटै यो मात्राको अक्सिजन हामीले निःशुल्क पाइरहेका छौं। एउटा ठूलो रुखले दिनमा चार जनालाई पुग्ने अक्सिजन उत्सर्जन गर्छ भने त्यति नै मान्छेले फाल्ने विषाक्त ग्यास (कार्बनडाइअक्साइड) को शोष्ने काम पनि गर्छ। तर बिडम्बना, तिनै रुख र रुखहरूद्वारा सिर्जित वन-पर्यावरणालाई मान्छेहरूले नै तीव्ररूपमा विनाश गरिरहेका छन् ।

भौतिक विकासका नाममा प्राकृतिक सम्पदाहरू मास्ने क्रम संसारभर तीव्र छ। अझ

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- ३९, वैशाख ३० गते शुक्रबार, २०७९

**सम्पादकीय**

# आज स्थानीय चुनाव : दलहरूको हैसियत निर्धारणको अवसर

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएर सोही व्यवस्थालाई संस्थागत गर्ने संविधान जारी भएपछि आज नेपालमा दोस्रो पटक स्थानीय तहको चुनाव हुँदै छ। स्थानीय चुनाव त इतिहासमा धेरै पटक भइसकेका छन् तर यो यस अर्थमा भिन्न छ कि विगतका चुनावहरू 'स्थानीय निकाय' का हुन्थे भने अहिलेको त्यस्तो चुनाव 'स्थानीय तह' को हुने गरेको छ।

अर्थात्, विगतकालमा नेपालका स्थानीय निकाय सामान्य विकेन्द्रीकरणमा आधारित केन्द्रीय शासन-प्रशासनकै अंगका रूपमा मात्रै क्रियाशील थिए भने अहिलेका स्थानीय तहहरू संघीयतामा आधारित स्थानीय 'सरकार' कै हैसियतमा क्रियाशील छन्। अहिलेका स्थानीय तहअन्तर्गत कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका गरी सरकारका तीनै अंगको समुच्चयका रूपमा अस्तित्ववान् छन्। त्यसैले त स्थानीय तहहरूलाई 'स्थानीय सरकार' भन्ने गरिएको छ। यही सैद्धान्तिक आधारमा टेकेर 'घरघरमा सिंहदरबार' समेत भन्ने गरिएको छ।

यो चुनावले तीव्र ध्रुवीकरणमा रहेका नेपालका चलायमान र चरम अस्थिर राजनीतिक दल र शक्तिहरूको शक्ति निरुपण समेत गर्दै छ। स्थानीय तहको चुनावमा जनता अर्थात् मतदाताले प्रकट गर्ने जनअभिमतमार्फत आगामी पाँच वर्षसम्म कायम रहने गरी राजनीतिक दलहरूको हैसियत निर्धारण हुने छ। यसअघि मुलुकको सर्वाधिक 'ठूलो' या 'शक्तिशाली' हैसियतमा रहेको नेकपा (एमाले) आज सम्पन्न हुने चुनावमार्फत निकै खुम्चिएको दोस्रो शक्तिमा झर्ने, हालसम्म दोस्रो शक्तिका रूपमा रहेको नेपाली कांग्रेस एमालेभन्दा धेरै ठूलो साइजको पहिलो शक्ति बन्ने र अपेक्षाकृत कमजोर हैसियतमा तेस्रो दलका रूपमा अस्तित्ववान् नेकपा (माओवादी केन्द्र) विगतको भन्दा निकै शक्तिशाली र निर्णायक हैसियतको तेस्रो दल बन्ने सर्वत्र आँकलन गरिँदै छ।

## प्राणवायुको...

हाम्रोजस्ता विकासोन्मुख देशहरूमा यसको गति र प्रकृति अनियन्त्रित नै छ। मानवीय क्रियाकलापकै कारण संसारको प्राकृतिक प्रणालीको स्वरूप तथा गुणस्तरमा पछिल्लो शताब्दीमा निकै नै ह्रास आइरहेको छ।

संसारभरकै यो दूराअवस्थाबाट जैविक विविधता र प्राकृतिक स्रोतलाई पहिलेकै अवस्थामा फर्काउन वा थप विनासबाट बचाउन संयुक्त राष्ट्रसङ्घले सन् २०२१-२०३० लाई 'पर्यावरणीय प्रणाली पुनर्स्थापना दशक' घोषणा गरेको छ।

वातावरणीय चासो र मुद्धा स्वाभाविकरूपमै बहुआयामिक प्रकृतिको हुन्छ।

यसमा आउने वा ल्याइने बदलावले भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र मानोवैज्ञानिक अर्थ राख्दछ। तर, यसलाई खालि वातावरणको एकल विषयका रूपमा मात्र हेर्ने गरिन्छ।

साझा र बहुपक्षीय असर पार्ने पर्यावरणीय चुनौतीको सामनाका लागि पनि आमचासो र सबैको पर्यावरणमैत्री क्रियाकलाप अत्यावश्यक हुन्छ।

वातावरण संरक्षणका लागि राष्ट्रिय-अन्तर्राष्ट्रिय सन्धि-महासन्धि, देशको संविधान, नीति तथा कार्यक्रम, राष्ट्रिय तथा स्थानीय कार्ययोजनाहरू र तिनको कार्यवन्यन महत्त्वपूर्ण हुन्छन्।

यद्यपि त्योभन्दा पनि बढी महत्त्व त हरेक व्यक्तिको पर्यावरणमैत्री आचरण र जिम्मेवारीको हुन्छ।

प्रकृतिलाई माया गर्ने, पूजा गर्ने र दिगो उपयोगमा जोड दिने हाम्रो सनातन मान्यता र प्रचलन समेत हो। पानीका मुहान, पहाडका अग्ला चुली, ठूला र विशिष्ट रुख, फरक आकृति र अवस्थितिका चट्टानहरूमा 'देवता' को बास हुन्छ भन्ने जनविश्वास समेत छ।

ग्रामीण क्षेत्रहरूमा मूलतः वर्षायाममा बिरुवा रोप्ने र एक ठाउँबाट अर्को ठाउँमा सार्ने व्यापक प्रचलन थियो।

करिव तीन दशकअघि हामी हुर्कँदै गरेका बखत अर्घाखाँचीको धारापानी गाँउमा हाम्रा अग्रजहरूले गरेका प्रकृतिमैत्री व्यवहारहरू हाम्रो मानसपटलमा अझै पनि ताजै छन्।

समयको गतिशीलतासँगै स्वाभाविकरूपमा हाम्रो सोच, दैनिकी र व्यवहार बदलिँदै जानु र विकसित हुनु अनि 'आधुनिकता' प्रति अकर्षित र अभ्यस्त हुनु अनौठो कुरा भएन। तर, हामी पूर्खाबाट पर्यावरणमैत्री आचरण, परम्परागत ज्ञान र पद्धतिको अनुसरण गर्न भने नराम्ररी चुकेका छौं।

हाम्रा हजुरबुबामा बाँसको विरुवा रोपणप्रति निकै ठूलो लगाव थियो। उहाँले 'बाँसले पहिरो नियन्त्रण गर्छ र यसको घाँस समेत राम्रो हुन्छ' भन्नुभएको धुमिल सम्झना अहिले पनि छ। हरेक वर्षा याममा हजुरबुबाले बाँसका विरुवा सार्नुहुन्थ्यो।

फलतः त्यसबेला गाँउमै सबैभन्दा धेरै बाँसघारी हाम्रै थिए र अहिले पनि छन्। बाँसका तामालाई गाईगोरुले खानबाट जोगाउन वर्षा यामभर हरेक बिहान तामामा गाईको गोबर दल्नुपर्थ्यो। बाँस मात्र होइन, अरु बिरुवा रोप्न र घाइते जनावरको उद्धारमा पनि हजुरबुबाको निकै अभिरुचि थियो। जङ्गली जनावर तथा चराचुरुङ्गी मार्नु र तिनको मासु खानु नहुने मान्यता हजुरबा पुस्तामा विद्यमान थियो।

ऊबेला ठाउँ-ठाउँमा र बाटाघाटामा चौतारा बनाएर त्यहाँ बर-पीपल र समीका बोटहरू रोप्ने प्रचलन हराउँदै गएको छ। त्यही बेलाका चौतारा र बाटो किनारका ठूलठूला रुखहरू समेत मासिँदै गएका छन्।

वृक्षारोपणका लागि कुनै वातावरणीय 'दिवस' अथवा 'विशेष दिन' खोजिन्छ। अनेक तामझाम गरी रोपिएको बिरुवालाई भोलिपल्टदेखि भने कसैले पनि वास्तै गर्दैन।

फलतः रुख रोप्ने र हुर्काउनेजस्ता वातावरण संरक्षणका 'अभियान' त 'फेसन' मात्र बन्दै गएका छन्।

नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ लाई 'वृक्षारोपण वर्ष' घोषणा गरेर पाँच करोड बिरुवा रोप्ने लक्ष लिएको थियो। यही वर्षको असोजमा पनि सरकारले 'राष्ट्रसेवक कर्मचारी वृक्षारोपण अभियान' का नाममा एक करोड बिरुवा रोप्ने काम सुरु गऱ्यो।

अभियान सुरुआतका रूपमा केही हजार बिरुवा रोपिए पनि। तर, ती कुनै पनि 'अभियान' यथार्थतामा परिणत भएनन्, लक्ष हासिल गर्न सकेनन्।

'धेरै रुख रोप्ने सय देशहरू' को विश्वव्यापी सूचीमा गतवर्ष नेपाल ६७औं स्थानमा छ, जहाँ नेपालले वार्षिक ३५ लाख ७५ हजार १ सय ९७ बिरुवा रोपेको उल्लेख छ। सो वर्ष सबैभन्दा धेरै रुख चीनमा रोपिए, जहाँ २ अर्ब ४० करोडभन्दा बढी बिरुवा रोपिएको उल्लेख छ।

हामीकहाँ सर्वाधिक दुःखद् कुरा के छ भने रोपेका बिरुवाको उचित हेरचाह नै गरिँदैन।

बरु हरेक वर्ष सोही ठाउँहरूमा दोहोऱ्याएर 'वृक्षारोपण' का नाटकहरू मञ्चन गरिरहिन्छ।

रुख रोप्ने, हुर्काउने र जोगाउनेजस्तो पर्यावरण संरक्षणको काम कुनै 'विशेष' दिनमा मात्र होइन, सधैं गरिनुपर्छ, यसलाई जीवनको एउटा अभिन्न अङ्गकै रूपमा सबैले स्वीकार्नुपर्छ।

अझै पनि सचेतना अभिवृद्धि र उत्तरदायित्वबोधकै आवश्यकता छ।

ठूलठुला सभा-सम्मेलन, गोष्ठी-सेमिनार र अन्तर्क्रियामा पर्यावरणीय संरक्षणका निकै ठूला कुरा गरिन्छन्, अनेकन उपाय, सुझाव र प्रतिवेदनहरू प्रस्तुत गरिन्छन्।

मुख्य कुरा त प्रत्येक व्यक्तिले आफ्नै जीवन-अभ्यासमा ती कुरालाई के-कति आत्मसात् गरेको छ भन्नेचाहिँ हो। 'म एक्लैले गरेर के पो हुन्छ र' भन्ने मानसिकताबाट मुक्त भई सकारात्मक सोच र उद्देश्यका साथ अघि बढाइने एकल अभियानले पनि ठूलो प्रभाव पार्दछ र निकै महत्त्व राख्दछ।

'हरित बनेपा' अभियान र 'रसिक पालाञ्चोके' लाई नै उदाहरणका रूपमा लिन सकिन्छ।

काभ्रेपालाञ्चोकस्थित सुन्दर र ऐतिहासिक बनेपालाई हराभरा, रुखयुक्त र स्वच्छ सहर बनाउने उद्देश्यका साथ दस वर्ष अघिदेखि रुख रोप्ने र हुर्काउने स्वयम्सेवी अयिानमा लागेका रसिकले छ हजारभन्दा बढी रुख रोपेर हुर्काइरहेका छन्।

वृक्षारोपण अभियन्ता हेमन्त काफ्लेले आफैं नर्सरी सञ्चालन गरी निःशुल्क बिरुवा वितरण गरिरहेका छन्। उनले ६० हजारभन्दा बढी बिरुवा बाँडिसकेका छन्।

जोधपुर (भारत) नजिकको खिजरी गाउँमा बसोबास गर्ने बिस्नोई जातिका मान्छेले राजाका सिपाहीहरूद्वारा रुख काट्नबाट रोक्नका लागि सन् १६०४ मा रुखलाई अँगालो हालेर उभिए। सिपाहीहरूले भने ३ सय ६३ जना मान्छेलाई नै मारिदिएर सिङ्गै जङ्गल फडानी गरे।

पछि (सन् १९७२ मा) भारतकै उत्तराखण्डका गाँउले महिलाहरू पनि रुख काटनबाट रोक्ने आन्दोलनमा उत्रिए। तिनले पनि उसैगरी रुखलाई अँगालो हाले।

'चिपको आन्दोलन' का नामले परिचित उक्त अभियानले रुख जोगाउन विश्वलाई नै प्रेरित गऱ्यो।

सन् १९७९ देखि रुख रोप्न सुरु गरेका जयदेव पाएङले ३० वर्षको अवधिमा चार करोड बिरुवा रोपी ब्रह्मपुत्रको करिव छ वर्गकिलोमिटर बाँझो जमिनलाई हराभरा बनाए। क्यानडेली नागरिक केन चापलीनले सन् २००१ मा एक दिनमै १५ हजार १ सय ७० बिरुवा रोपेर गिनिज बुकमा नाम लेखाए।

यी र यस्ता उदाहरणबाट हामी पनि उत्प्रेरित हुनुपर्छ, रुखलाई माया गर्नुपर्छ।

हामी सबैले आ-आफ्नो दैनिकीमा पनि कुनै न कुनै पर्यावरणमैत्री क्रियाकलापलाई आत्मसात् गरेर अघि बढ्यौं भने पर्यावरणीय प्रणालीको संरक्षण तथा पुनर्स्थापनामा निकै सहयोग पुग्दछ।

आफैं बाच्नका लागि मात्र भए पनि रुखलाई बचाऔं ! (होलिस्टिकबाट)

# के छ सहिदभूमि यदुकुवाका उम्मेदारको प्रतिबद्धतापत्रमा ?

काठमाडौं। नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को सहिदनगर नगरपालिकाको मेयरका उम्मेदवार श्रवण बरबरिया यादव 'जीवन' ले आफ्ना चुनावी एजेण्डामा प्रतिबद्धता पत्रमा निःशुल्क रगत व्यवस्थापनदेखि सिंचाई विद्युत महशुलमा किसानलाई पचास प्रतिशत अनुदान उपलब्ध गराउनेसम्मका योजना समावेश गरिएको छ।

विसं २०२८ सालको शैक्षिक आन्दोलनको रगतबाट यदुकुहाको महत्व हालका दिनमा आकाशिएको भूमिमा गरिब, विपन्न, दलित तथा निमुखा वर्गका लागि विशेष योजना ल्याएको निवर्तमान मेयर उदय कुमार बरबरिया थियो।

प्रतिबद्धता पत्रमा नेपाल रेडक्रस सोसाइटी धनुषासँगको सहकार्यमा रगत आवश्यक भएको विरामीलाई रगत व्यवस्थापनका साथै जाँच शुल्कमा लाग्ने रकम समेत नगरपालिकाले व्यहोर्ने उल्लेख गरिएको छ। गरिब, दलित, किसान र मजदुरका लागि स्वास्थ विमा अनिवार्य लागू गर्न र निःशुल्क जाँच तथा स्वास्थ्य उपचार सेवा पाउने उल्लेख गरेको छ। साथै प्रत्येक वडामा प्राथमिक स्वास्थ्य केन्द्र र नगर एम्बुलेन्ससँगको सहकार्यमा जोड दिइने त्यसमा उल्लेख गरिएको छ। 'सामुदायिक विद्यालयहरूमा स्थानीय विषयको पाठ्यसामग्री समावेश गरी पालिकास्तरीय पाठ्यक्रम निर्माण गरिनेछ। साथै नमूना विद्यालय घोषणा गरी अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराइनेछ' पत्रमा उल्लेख गरिएको छ।

'पत्रमा माध्यमिक विद्यालयहरूमा कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला तथा नगरभित्रको विद्यालयमा प्रविधिमैत्री शिक्षा विकासमा प्रयास हुने बरबररियाको दावी छ। दलित समुदायका विद्यार्थीलाई कक्षा १२ सम्मको विद्यालय शिक्षा सुनिश्चित गरिनुको साथै प्रत्येक विद्यालयहरूमा सिसिटिभी जडान गरी कडाइका साथ शिक्षण सिकाइ बढाइने छ' मेयर उदय बरबरियाको प्रतिबद्धता पत्रमा भनिएको छ- 'शहिद परिवारलाई छात्रवृति र सार्वजनिक ई-पुस्तकालय निर्माणका साथै उच्च गतिको ईन्टरनेट सेवा निःशुल्क प्रदान गरिनेछ। प्रत्येक वडामा प्राथमिक स्वास्थ्य केन्द्र तथा जेष्ठ नागरिकलाई तीन महिनामा निशुल्क स्वास्थ्य जाँच र दिर्घरोगीका लागि विशेष उपचार सेवा सञ्चालन गरिने छ।' उनले 'शहिद सूर्यनाथ राना' स्मृति अस्पताललाई अबको एक वर्षभित्र सञ्चालन गर्ने प्रतिबद्धता समेत गरेका छन्।

कृषकहरूलाई सिँचाइका लागि मोटर, दमकल, घाँस काट्ने मेसिन जस्ता कृषि सामग्री वितरण र बाँझो खेत मुक्त नगरपालिका बनाउने भन्दै प्रतिबद्धता पत्रमा 'एक खेत एक बालीको अवधारणालाई ल्याएर एक घर, एक तरकारी खेतीको योजना अघि बढाउने जनाए। 'एक पालिका, एक विशेष उत्पादन, एक वडा एक विशेष पहिचान' युवाहरूको लागि बहु उद्देश्यीय कभर्ड हल, खेलकुद मैदानका साथै ईन्टर्नशिप र लोकसेवा कक्षा र सञ्चार जगतका युवा पत्रकारहरूका लागि फेलोसिप प्रदान गर्न नेपाल पत्रकार महासंघ धनुषासँग सहकार्य गर्ने बताए।

नगरपालिका जोड्ने लिंक रोडका साथै बारुण यन्त्र खरिद तथा सर्पदंस उपचार केन्द्र स्थापना गर्ने एक वर्षभित्र नगरपालिकाको आफ्नै भवनबाट सेवा सञ्चालन, पोखरी, सार्वजनिक पार्टीपौवा र प्रकृतिक सम्पदाको संरक्षण गर्दै वृक्षारोपण, सार्वजनिक स्थल, पार्क, सडक किनारका जग्गाहरूको व्यापक प्रयोग, सामुदायिक विद्यालयहरूमा हरित विद्यालय कार्यक्रम सञ्चालन गरिने प्रतिबद्धता पत्रमा उल्लेख गरिएको छ।

प्रतिबद्धता पत्र सार्वजनिक समारोहमा (माओवादी केन्द्र)का प्रदेश सचिव समेत रहेका मेयरका श्रवण बरबरिया यादव 'जीवन'ले नेपाली जनताको संघर्ष र शहिदहरूको गर्विलो इतिहासको साक्षीको मध्येको एउटा महान भूमि यदुकुहा जनसमुदायको विशाल हिस्सालाई आर्थिक, सामाजिक विकासको साझेदार बनाउने र उनीहरूलाई प्रतिफलको साझेदार बनाउने लक्ष्यका साथ निर्वाचनमा होमिएको बताए। उनले समाजवादको परम्परागत मोडेलप्रति उदासिन र बजारका एकाधिकारबाट पीडित हुँदै निराशा र निमुखा बन्दै गएकाहरू समेत माओवादीको विकास मोडेलबाट नै समाजवादोन्मुख समृद्धि सम्भव छ भन्नेमा जनतामा समेत विश्वास पलाएर गएको बताए।

'यदुकुहा नेपाली कम्युनिस्ट आन्दोलनमा पनि कहिल्यै नमेटिने नाम हो। पञ्चायती व्यवस्था विरोधी आन्दोलनको क्रममा विसं ०४६ साल फागुन ९ गतेका दिन यदुकुहामा आन्दोलनकारीहरू माथि प्रहरीको निर्मम गोली प्रहारबाट जानकी देवी, मुनेसरीदेवी, सोनावती देवी, उदयशंकर मण्डल र रामनारायण मण्डलको शहादतले किर्तिमान नै खडा गरेको थियो' बबरियाको भनाइ थियो।

# महिला अधिकृतको जिम्मामा पाँच मतदान केन्द्र

**दाङ**। जिल्ला सदरमुकाम लमहीलगायत पाँच मतदान केन्द्रमा अधिृकतसहित सम्पूर्ण जिम्मेवारी महिला कर्मचारीलाई दिइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ।

मुख्य निर्वाचन अधिकृत रितेन्द्र थापाका अनुसार तुलसीपुर स्थानीय तहको निर्वाचनमा उपमहानगरपालिका-५ अरनीको मैदानमा रहेको मतदान केन्द्र 'घ'मा माया श्रेष्ठ र सहायक मतदान अधिकृतमा सावित्राकुमारी गौतम दुई सहायक कर्मचारी एक सहयोगी तोकिएको छन्।

त्यस्तै घोराही उपमहानगरपालिका-१६ अम्बापुरमा 'क' मतदान केन्द्रमा सोही विद्यालयको 'ख' र 'ग' मतदान केन्द्रमा र लमही नगरपालिका-५ को खिमबहादुर मावि कोलही मतदान केन्द्रमा मतदान अधिकृतसहित सम्पूर्ण कर्मचार महिलाको जिम्मा रहेका छन्। मुख्य निर्वाचन अधिकृत कार्यालयका अनुसार जिल्लामा १५३ मतदानस्थल र ४६१ मतदान केन्द्र रहेका छन्।

# स्थानीय निर्वाचन : अग्रगमनको पक्षमा कि पश्चगमनको ?



विचार-दृष्टिकोण

विष्णुप्रसाद सापकोटा

संघीय लोकतान्त्रिक गणतन्त्र र समाजवाद उन्मुख संविधानको रक्षा गर्ने र प्रतिगमनकारी षड्यन्त्रलाई परास्त गर्ने संघर्षको मोर्चाको रूपमा आगामी बैशाख ३० गते नेपालमा स्थानीय तहको निर्वाचन हुँदैछ।

दुई पटक प्रतिनिधि सभा विघटन गर्ने केपी ओली नेतृत्वको एमाले नेपालको इतिहासमा पहिलो पटक संविधान सभाबाट बनेको संविधानलाई खारेज गराउन चाहन्छ। एमालेको साँठगाँठ र गठबन्धन संघीय लोकतान्त्रिक गणतन्त्रलाई खारेज गर्न चाहने प्रतिगमनकारी शक्तिसँग भएको देखिन्छ भने संविधान र व्यवस्थाको रक्षा गर्न नेकपा (माओवादी केन्द्र), नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चाले गठबन्धन गरेका छन्।

वैचारिक रूपमा गठबन्धनमा रहेका पाँच दल फरक छन्। तर संविधान र व्यवस्थाको रक्षा गर्न पाँच दल एक ठाउँमा आएर गठबन्धन बनाई निर्वाचनमा होमिएका छन्। अपवादको रूपमा केही स्थानीय तहमा पाँच दलका बीचमा गठबन्धन नभए पनि स्वस्थ प्रतिस्पर्धा भइरहेको छ। लोकतन्त्रमा यस्तो हुनु स्वभाविक हुन्छ।

वामपन्थी विचार बोकेका माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी तथा उदारवादी नेपाली कांग्रेसका बीचको गठबन्धन कसरी भन्ने प्रश्न आम रूपमा उठेको देखिन्छ। यो गठबन्धन संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र संविधानको रक्षा गर्ने एजेण्डामा आधारित छ। व्यवस्थाको सुदृढीकरण र संविधानको रक्षा तथा विकासमा गठबन्धन केन्द्रित छ। प्रतिगमनकारी हर्कत र षड्यन्त्रलाई परास्त गर्नमा केन्द्रित छ गठबन्धन। वैचारिक निकटता हुने दलहरूका बीचमा गरिएको एकता पनि ती दलभित्रको प्रवृत्तिले तिक्ततापूर्ण अवस्थामा पुऱ्याएको तथ्य खोज्न टाढा जानै पर्दैन। साढे चार वर्ष अगाडि माओवादी केन्द्र र एमालेका बीचमा गठबन्धन र पार्टी एकतासम्म भएको थियो। त्यो एकतालाई संस्थागत गरी बलियो बनाउन नपाउँदै केपी ओली नेतृत्वले फुटमा लगेर टुंग्याएको तथ्य सबैका सामु छ।

कोरोना महामारीको चपेटामा परेका जनतालाई दिनुपर्ने आधारभूत स्वास्थ्य सुविधा र जनजीविकाको सवाललाई सम्बोधन गर्न छाडेर जनताको प्रतिनिधिमूलक संस्था प्रतिनिधि सभा विघटन गर्ने केपी ओली नेतृत्वको प्रवृत्ति भ्रष्टाचारमा चुर्लुम्म डुबेका दृष्टान्त सार्वजनिक भएका छन्। यती, ओम्नी, बतासजस्ता आसेपासेलाई पोस्नु त्यही प्रवृत्ति हो। संविधान र जनताविरोधी यस्तो प्रवृत्तिको विरोध पार्टी भित्रैबाट हुँदा अन्ततः ओलीले दुई-दुई पटक संसदलाई नै विघटन गरिदिएको तथ्य कसैबाट लुकेको छैन। पूर्वएमालेभित्रकै अग्रगमनकारी शक्ति पनि ओली नेतृत्वको पार्टीमा रहन सक्ने अवस्था बनेन। अन्ततः नेपाली राजनीतिमा प्रतिक्रान्तिकारी एवं दक्षिणपन्थी तत्वहरूको झुण्डका रूपमा एमालेले स्पष्ट आकार ग्रहण गर्दै गयो।

परिस्थितिको ठोस विश्लेषण गर्दै एमालेको अग्रगमनकारी शक्ति र माओवादी केन्द्रले प्रतिगमनकारी ओलीको स्वेच्छाचारिता र अधिनायकवादी प्रवृत्तिलाई लगाम लगाउन विभिन्न संघर्षका कार्यक्रम सञ्चालन गरेका थिए। संघीय लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता एवं समावेशी समानुपातिक प्रणालीको आधारभूत संवैधानिक मुद्दामा एक ठाउँमा उभ्याउन नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले खेलेको भूमिका महत्वपूर्ण छ। गठबन्धनमा रहेका दल इतिहासलाई उल्ट्याउने अथवा पश्चगमनको अँध्यारो सुरुङमा हिँड्ने पक्षमा छैनन्।

विसं ०४६ को पञ्चायतविरोधी आन्दोलन होस् वा ०६२/०६३ को जनआन्दोलन नै किन नहोस्, विविध राजनीतिक विचार भएका दल तानाशाही एवं प्रतिगमनका विरुद्ध एक ठाउँमा उभिएको गौरवपूर्ण इतिहास छ। अहिलेको गठबन्धन पनि त्यसैको निरन्तरतामा निर्माण भएको हो।

प्रतिगमनकारी षड्यन्त्र गर्ने, व्यवस्था र संविधानका विरुद्ध धावा बोल्नेलाई परास्त गर्दै अग्रगमनकारी संविधान र व्यवस्थाको रक्षा गर्ने दलहरूलाई चिन्नुपर्ने जिम्मेवारी मतदाताको काँधमा आएको छ। ओलीको स्वेच्छाचारिताका विरुद्ध हिजो एउटै मञ्चमा उभिनेहरू आज मतदानको पूर्वसन्ध्यामा विविध बहानामा ओलीको पक्षमा कदापि उभिन सक्दैनन्। ओलीलाई बलियो बनाउने गरी चालिने कुनै पनि कदमलाई आज ठिक भन्न सकिने अवस्था देखिँदैन। कि त हिजो संसद विघटन गर्ने ओलीको स्वेच्छाचारी कदमलाई ठिक भन्नुपऱ्यो, होइन भने स्पष्ट ढंगले गठबन्धनका पक्षमा मतदानको वातावरण तयार पार्नु पर्ने आजको आवश्यकता बनेको देखिन्छ।

प्रतिगमनलाई परास्त गर्ने साझा मुद्दाका अलावा नेकपा (माओवादी केन्द्र) का जनअधिकार, समृद्धिका एजेण्डा पनि विद्यमान छन्। जनयुद्ध र यसको जगमा भएको जनआन्दोलन र संविधान सभाले सुनिश्चित गरेको व्यवस्था परिवर्तनको जस लिँदै गर्दा माओवादीबाट केही कमजोरी वा कार्यनीतिक त्रुटिका कारण आशातीत विकास एवं समृद्धि हाँसिल गर्न नसकिँएकै हो। माओवादीले कति पटक सरकारमा नेतृत्व गऱ्यो र कति समयका लागि नेतृत्व गऱ्यो भन्ने जनताले बुझेका छन्। विगतमा माओवादी नेतृत्वलाई असफल बनाउन देशी-विदेशी तत्वले कति भूमिका खेले र आज पनि कति खेलिरहेका छन् त्यसको लेखाजोखा समेत जनताले गरेका छन्।

०६२/६३ पछि बनेका सरकारमध्ये जनअधिकारको प्रत्याभूति र विकास एवं समृद्धिको उत्कृष्ट पहलकदमी कसैले लिएको छ भने त्यो माओवादीले लिएको हो। मुलुकका ठूला पूर्वाधारका योजनालाई उच्चप्राथमिकताका साथ राष्ट्रिय गौरवको योजना बनाएर सूचीकृत गर्ने काम माओवादी नेतृत्वकै सरकारले गरेको हो। अपर तामाकोशी परियोजना सञ्चालनमा आइसकेको छ र त्यसैगरी वर्षौंदेखि अवरोध झेलिरहेको राष्ट्रिय गौरवको योजनाअन्तर्गतकै मेलम्ची खानेपानी परियोजनाको पानी काठमाडौं उपत्यकाका जनताले पिउन पाउने अवस्था सिर्जना भएको छ। पर्यटकीय सम्भावनालाई बलियो बनाउने उद्देश्यले बनाइएका गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भैसकेको छ। दुवै विमानस्थल सञ्चालनमा आउने प्रक्रियामा छन्। अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुँदा नै शुरु गरिएको मध्यपहाडी लोकमार्ग अहिले पूरा हुने चरणमा पुगिसकेको छ। पहाडी भूभागलाई समेटेर पूर्वदेखि पश्चिमसम्म जोड्ने यस लोकमार्गले नेपाली जनजीवनलाई धेरै नै प्रभावित बनाएको छ। यी आयोजनाहरूका अतिरिक्त राष्ट्रलाई समृद्धितर्फ डोऱ्याउने अन्य थुप्रै राष्ट्रिय गौरवका योजना द्रुत गतिमा अगाडि बढिरहेकै छन्।

नेपाली इतिहासमै सबैभन्दा बढी आर्थिक वृद्धि (७.५ प्रतिशत) पनि माओवादी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुँदा भएको हो। यो वृद्धि त्यसबेला हाँसिल भएको हो, जब मुलुकको संविधान कार्यान्वयन गर्नुपर्ने सबैभन्दा ठूलो चुनौती थियो र १८ वर्षदेखि हुन नसकेको स्थानीय चुनाव गर्नुपर्ने जिम्मेवारी थियो। तैपनि माओवादी नेतृत्वको ०७४ सालको सरकारले कुशलतापूर्वक स्थानीय चुनाव गरायो र आर्थिक वृद्धि पनि हासिल गऱ्यो। १८ घण्टा लामो लोडसेडिङले आक्रान्त भएका जनताले उज्यालो नेपाल माओवादी नेतृत्वकालमै पाएका हुन्। माओवादी पार्टीबाट सरकारमा प्रतिनिधित्व गरेका कुनै प्रतिनिधिलाई भ्रष्टाचारको आरोप लागेको छैन। तीन पटकको अल्पकालीन नेतृत्व र ३० महिनाभन्दा कम अवधि माओवादी सरकारमा साझेदार हुँदा ती योजना सम्भव भएको हो भन्ने जनतालाई थाहा छ।

छोटो अवधि र प्रतिकुल परिस्थितिका बाबजुद माओवादी नेतृत्वले गरेका कामको इतिहासमा सुनौलो अक्षरले मूल्याङ्कन गर्ने नै छ। सामाजिक न्यायका केही मुद्दा, समाजवादको लक्ष्यतर्फको काम र जनजीविकाका सवालमा चित्त बुझाउने ठाउँमा पुगिसकेको अवस्था भने होइन। संविधानमा अझै कयौं विषय अपुग भएकाले माओवादीले असहमति अर्थात् 'नोट अफ डिसेन्ट' दर्ज गरेको छ। ती असहमतिको सम्बोधन हुने हो भने देशका महिला, आदिवासी जनजाति, मधेशी, दलित र अन्य अल्पसंख्यक लगायत सबैका मुद्दा समाधान हुनेछन् भन्ने पनि आम मतदातालाई थाहा छ। त्यसैगरी कोभिड-१९ महामारी र अहिले युरोपमा सिर्जित द्वन्द्वले निम्त्याएको बेरोजगारी, मुल्यवृद्धिलगायतका समस्याको हल पनि तत्कालै खोज्नु पर्नेछ। नेपालमा स्थापित अहिलेसम्मकै सबै प्रगतिशील एजेण्डाको मुख्य अगुवा निर्विवाद रूपमा माओवादी नै हो। राजतन्त्रवादी दलहरू गणतन्त्रको एजेण्डामा आएर वर्तमान संविधानलाई अंगिकार गर्ने तहमा पुग्नु पनि महत्वपूर्ण कदम हो। बुर्जुवा, दक्षिणपन्थी पार्टीमा समेत समावेशी व्यवस्था कायम हुनु माओवादी एजेण्डाकै जीत हो। सारमा भन्ने हो भने विद्यमान व्यवस्थाको नीति माओवादीकै हो। त्यसैले देशको अबको आवश्यकता भनेकै जसको नीति उसकै नेतृत्व हुनु हो।

स्थानीय तहको आधार जनयुद्धको क्रममा माओवादीले अभ्यास गरेको स्वायत्त जनसरकारको अवधारणाबाट विकास गरिएको हो। दार्शनिक कार्ल मार्क्सले भनेझैं लोकतन्त्र समाजवादको मार्ग हो र हाम्रो संविधानले पनि समाजवादको परिकल्पना गरेको छ। यो परिकल्पना जनतालाई आफ्नै घर-आँगनमा शासन सञ्चालनमा संलग्न गराएर साकार पार्न चाहन्छ माओवादी। अहिले हरेक स्थानीय तहमा आधारभूत स्वास्थ सेवा र शिक्षालाई निःशुल्क बनाउने योजना माओवादीले अगाडि बढाएको छ। माओवादी भौत्तिक पूर्वाधारको विकासमा मात्रै सीमित नभई मानव संशाधनको विकासका लागि पनि प्रतिबद्ध छ। हरेक वडामा आफ्नै मौलिकता झल्काउने गरी सार्वजनिक, सामुदायिक एवं निजी क्षेत्रलाई सम्मिलित गरेर आर्थिक विकासको मोडेल तयार पार्ने माओवादीको संकल्प हो। जसका माध्यमबाट कृषि, पर्यटन, उद्योग, प्राकृतिक श्रोतबाट समृद्धिको आधार निर्माण हुनेछ। माओवादीको संकल्प देशकै साझा संकल्पमध्येको एक हो। माओवादीले गरेका संकल्पमै देशले आफ्नो भविष्यतर्फको यात्रा गर्दैछ। त्यसैले देशको नेतृत्व पनि माओवादीले नै गर्नुपर्ने देखिन्छ।

विश्वको ज्वलन्त मुद्दाहरूबाट माओवादी कत्ति पनि विमुख छैन। जिवास्म इन्धनको प्रयोगले निम्त्याइरहेको पर्यावरणीय संकटबारे माओवादी त्यति नै सचेत छ। हिमालको काखमा रहेको यो अति संवेदनशील मुलुकमा जलवायु परिवर्तनको असरका लक्षण देखिन थालिसकेका छन्। हाम्रो जस्तो विपन्न बनाइएका 'तेस्रो विश्व'का जनताले जलवायु परिवर्तनको असरको परिणाम भोग्न थालिसकेका छन्। स्थानीय एवं यसपछिका प्रदेश र संघीय चुनाव एवं राजनीतिक कार्यक्रममा जलवायु

क्रमशः अन्तिम पृष्ठमा



# प्रचण्डको शुभकामना : स्थानीय निर्वाचन समृद्धिको कोशेढुंगा बनोस्

**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र)का अध्यक्ष तथा गणतन्त्र नेपालका प्रथम प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचन देश र जनताका लागि विकास र समृद्ध कोशेढुंगा बन्नुपर्ने शुभकामना दिएका छन् । स्थानीय निर्वाचनको पूर्वसन्ध्यामा एक अपिलमार्फतआम मतदातालाई सम्बोधन गर्दै उक्त धारणा व्यक्त गरेका हुन् ।

अध्यक्ष दाहालले संघीयता र समावेशी समानुपातिक प्रतिनिधित्वविरोधी तथा उत्पीडित, उपेक्षीत जनता अधिकार सम्पन्न भएको नरुचाउने प्रतिगामी तत्वहरूले संविधान र ऐतिहासिक उपलब्धी विरुद्ध ठूलो षड्यन्त्र गरिरहेका उल्लेख गर्दै त्यस्ता तत्त्वलाई परास्त गर्दै परिवर्तनका एजेण्डा स्थापित गराउन मतदातालाई अपिल गरेका छन् ।

'यतिखेर संघीयता र समावेशी समानुपातिक प्रतिनिधित्व विरोधी तथा उत्पीडित, उपेक्षीत जनता अधिकार सम्पन्न भएको नरुचाउने प्रतिगामी तत्वहरूले संविधान र ऐतिहासिक उपलब्धी विरुद्ध ठूलो षड्यन्त्र गरिरहेका छन्' अध्यक्ष प्रचण्डले भने- 'त्यसैले हामीले निर्वाचनलाई संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि अग्रगमन र प्रतिगमनको लडाईंको रूपमा लिएका छौं ।'

अध्यक्ष दाहालले निर्वाचनमार्फत स्थानीय तहलाई अधिकार सम्पन्न तुल्याउँदै स्थानीय विशेषतामा आधारित विकास, शिक्षा स्वास्थ्य, रोजगारीको सुनिश्चिततामार्फत सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न सकिने र त्यसको जिम्मेवारी माओवादी क्रान्तिकारीकै काँधमा आएको बताए । पूर्वप्रधानमन्त्री प्रचण्डले यथास्थितिमै रुमल्लीन रहर र छुट दुवै नभएको चर्चा गर्दै नेपाली जनताका अधुरा सपना समृद्ध नेपाल निर्माणको अभियानमा सघाउन मतदातालाई आग्रह गरे ।

**हेर्ौ-अध्यक्ष प्रचण्डद्वारा जारी अपीलको पूर्ण पाठ**

आदरणीय आमा बुबा, दिदीबहिनी, दाजुभाईहरू

'जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, उत्पीडित जनताको संघर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न सिंहदरबार केन्द्रीत अधिकार जनताको घरदैलोमा स्थापित गराउन स्थानीय तहको आसन्न निर्वाचन सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माणका लागि कोशेढुंगा बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

यतिखेर संघीयता र समावेशी समानुपातिक प्रतिनिधित्वविरोधी तथा उत्पीडित, उपेक्षीत जनता अधिकार सम्पन्न भएको नरुचाउने प्रतिगामी तत्वहरूले संविधान र ऐतिहासिक उपलब्धी विरुद्ध ठूलो षड्यन्त्र गरिरहेका छन, त्यसैले हामीले निर्वाचनलाई संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि अग्रगमन र प्रतिगमनको लडाईंको रूपमा लिएका छौं ।

हामीले साँचो अर्थमा खोजेको संघीयता, समावेशी समानुपातिक प्रतिनिधित्व र सामाजिक न्याय अफै पनि जनताले अनुभुति गर्न सकेका छैनन् । त्यसैले स्थानीय तहलाई अधिकार सम्पन्न तुल्याउँदै स्थानीय विशेषतामा आधारित विकास, शिक्षा स्वास्थ्य, रोजगारीको सुनिश्चिततामार्फत सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने चुनौति हाम्रो सामु छ । कृषिमा अनुदानमार्फत उत्पादन, किसान पेन्सन, औद्योगिकरण तथा ग्रामिण आत्मनिर्भर अर्थतन्त्रबाट रोजगारी, सबैखाले शोषण र विभेदको अन्त्य, विदेशमा रगत पसिना चुहाउने अवस्था नहटाई साँचो अर्थमा लोकतन्त्रको अनुभुति जनताले गर्न सक्दैनन् । इतिहासले माओवादीलाई यो जिम्मेवारी सुम्पिएको छ ।

हामीलाई यथास्थितिमै रुमल्लीन रहर र छुट दुवै छैन । त्यसैले आउनुस्, अग्रगमन र प्रतिगमनको यो लडाईंमा नेकपा (माओवादी केन्द्र) को गोलाकारभित्रको हँसिया हथौडा चिन्हमा र गठबन्धनका उमेदवारहरूको चुनाव चिन्हमा मतदान गरी नेपाली जनताका अधुरा सपना पुरा गर्दै समृद्ध नेपालको निर्माणतर्फ अघि बढौं ।'

*क्रान्तिकारी अभिवादनसहित*
*पुष्पकमल दाहाल 'प्रचण्ड'*
*अध्यक्ष*
*नेकपा (माओवादी केन्द्र)*

# माओवादी केन्द्रका 'बागी' उम्मेदवार र सहयोगी निष्काशित

**सिरहा ।** नेकपा (माओवादी केन्द्र)ले सिरहा गोलबजार नगरपालिकाका बागी उम्मेदवारसहित उनका सहयोगी नेता-कार्यकर्तालाई पार्टीबाट निष्कासित गरेको छ । पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिने स्वतन्त्र उम्मेदवार र उनका सहयोगीसहित ६ जनालाई पार्टीबाट निष्कासन गरेको माओवादी केन्द्रले जानकारी दिएको हो ।

निर्वाचनका लागि पार्टीले गोलबजार नगरपालिकाको नगरप्रमुख र उपप्रमुख पदमा उम्मेदवारविरुद्ध बागी बनेर स्वतन्त्र उम्मेदवारी दिएका रामचन्द्र महतो कोइरी, बास्ना मोक्तानसहित उनीहरुका सहयोगी प्रवेश लामा, पुजन सिंह, कमल स्याड्यो र मनोज सिंहलाई कारबाही गरिएको पार्टीका मधेश-प्रदेस इन्चार्ज गणेश साहले जानकारी दिए ।

पार्टी निर्णयविपरीत स्वतन्त्र उम्मेदवारी दिने तथा बागी उम्मेदवारलाई सहयोग गर्ने ६ जनालाई नै पार्टीको साधारण सदस्यता समेत नरहने गरी कारबाही गरिएको इन्चार्ज साहले बताए । कारबाहीमा परेका कोइरीले गोलबजार नगरपालिकाको नगरप्रमुखमा र मोक्तानले उपप्रमुख पदमा स्वतन्त्र उम्मेदवारी दिएका छन् । माओवादी केन्द्रले सो नगरपालिकाको निवर्तमान प्रमुख देवनाथ साह र निवर्तमान उपप्रमुखमा रेशम कुमारी थापालाई उम्मेदवार बनाएको हो । सत्तासाफेदार पाँच दलीय गठबन्धनका उम्मेदवारलाई सबैले सघाउन र त्यसका विरुद्ध जानेलाई कारबाही हुने यसअघि नै गठबन्धनमा सहभागी दलहरुले बताइसकेको थिए ।

# 'उच्छृंखल समूह' द्वारा उम्मेदवारमाथि आक्रमणको निन्दा

**काठमाडौं ।** स्थानीय तहको निर्वाचन बिथोल्ने गरी धनुषाका वडा अध्यक्षका उम्मेदवारमाथि भएको हमलाप्रति घोर निन्दा गरिएको छ । पराजित मानसिकताबाट ग्रस्त स्थानीय उच्छृंखल तत्वहरूको एक समूहले वडा अध्यक्षका उम्मेदवारमाथि निर्मम कुटपीट गरेकोप्रति नेकपा (माओवादी केन्द्र) धनुषाका अध्यक्ष देवेन्द्र कुमार यादव 'दिपक'ले घोर भर्त्सना गरेका छन् ।

यही बैशाख ३० गते स्थानीय तहको निर्वाचनमा माओवादी केन्द्रको तर्फबाट धनुषाको कमला नगरपालिका वडा नम्बर १ को वडा अध्यक्षका उम्मेदवार रहेका सर्वदेव यादवको घरमै गएर स्थानीयहरूको एक हुलले उनको घरको ढोका फोड्नेदेखि घरपछाडि तर्फबाट माटो खनेर घरभित्र प्रवेश गरेर ज्यान मार्ने योजनासहित आएका सो समूहले उनको बुबालाई निर्मम ढंगले कुटपीट गरेको भन्दै जिल्ला अध्यक्ष दिपकले घटनाको निन्दा गरेका हुन् ।

अध्यक्ष यादवले घटना घटेको एक दिन बित्दा समेत स्थानीय प्रशासनले घटनामा संग्लन रहेकाहरूलाई पक्राउ गरी कानूनी कारबाही प्रक्रिया समेत अघि नबढाउनु बिडम्बना रहेको भन्दै त्यसप्रति सरोकारवाला पक्ष ध्यानाकर्षण गराए ।

उनले आततायीहरूको एक समूहले बुधबारको मध्यरातमा हत्या गर्ने योजना अनुसार उम्मेदवारको घरमै पसेर हत्या गर्न प्रयास विफल भएपछि उनका ७० वर्षीय बुबा चन्द्रनारायण यादवलाई आँगनमै सुतिरहेको बेलामा उनको टाउको, ढाडसहित शरीरभर नै मर्नासन्न हुने गरी खुकुरी, चक्कु र रडले जथाभावी प्रहार गर्दै गम्भीर घाइते बनाएका थिए । सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उनले घाइतेको शिघ्र स्वास्थ्य लाभको कामना गरेका थिए ।

सर्वदेवको पक्षमा व्यापक जनसमर्थन बढिरहेको देख्न नसकेकाहरूले राजनीतिक प्रतिशोध साँध्ने हिसाबले वृद्ध बुबामाथि हत्याको योजना बुनेर धारिलो हतियारले आक्रमण गरेको उनको भनाइ थियो । गाउँ, समाजमा उम्मेदवार नै असुरक्षित रहेपछि सर्वसाधारणलाई शान्ति सुरक्षाको व्यवस्था प्रत्याभूति गराउन प्रहरी प्रशासन पूर्णरूपेण असफल उनको आरोप थियो ।

# साझा उम्मेदवारलाई जिताउन एकीकृत समाजवादीको आग्रह

**काठमाडौं ।** माधवकुमार नेपाल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)ले आसन्न स्थानीय तहको निर्वाचनमा गठबन्धनका साझा उम्मेदवारलाई जिताउन सम्पूर्ण शक्ति केन्द्रीत गर्नुपर्नेमा जोड दिएका छन् ।

नेकपा एसका अध्यक्ष नेपालको अध्यक्षतामा बसेको सचिवालय बैठकले महानगरपालिकादेखि वडा तहसम्म गठबन्धनका साथै पार्टीका तर्फबाट एकल उम्मेदवारी दिएका व्यक्तिलाई जिताउन भूमिका निर्वाह गर्ने निर्णय गरेको महासचिव डा बेदुराम भुसालले जानकारी दिए । सोही बैठकले गठबन्धन नभएका र एकल उम्मेदवार नभएका स्थानमा गठबन्धनका दलबीच सहमति कायम गर्न अन्तिम समयसम्म प्रयत्न गर्ने निर्णय गरेको भुसालले बताए ।

यही बैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनलाई दृष्टिगत गर्दै पार्टीले हाले जारी गरेको घोषणापत्रमा पार्टीका उम्मेदवारले नेतृत्व गरेका स्थानमा स्थानीय सरकारमार्फत प्रत्येक घरपरिवारलाई दुईसय युनिटसम्म बिजुली निःशुल्क दिने र यसका लागि संघीय तथा प्रदेश तहका सरकारसँग आवश्यक समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

# अन्तर्राष्ट्रिय सीमानाका बन्द गराउन सरकारसमक्ष आग्रह



**काठमाडौं ।** निर्वाचन आयोगले वैशाख ३० गते सम्पन्न हुन गइरहेको स्थानीय तह सदस्य निर्वाचन, २०७९ को व्यवस्थापकीय कार्यलाई थप स्वच्छ, स्वतन्त्र, निष्पक्ष, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन मतदानको लागि ४८ घण्टा अगाडिदेखि नै मतदान कार्य सम्पन्न नभएसम्मका लागि सबै अन्तर्राष्ट्रिय सीमाबाट हुने आवत-जावत बन्द गर्न नेपाल सरकारलाई लेखी पठाएको छ ।

आयोगको बिहीबारको बैठकले वैशाख २७ गते मंगलबार राति १२ बजेदेखि अन्तर्राष्ट्रिय सीमाबाट हुने आवत-जावत बन्द गर्न र मतदान हुने दिन आन्तरिक रूपमा सञ्चालन हुने सबै प्रकारका यातायात बन्द गर्न नेपाल सरकार गृहमन्त्रालयलाई लेखी पठाउने निर्णय गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

आयोगको सोही बैठकले स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को दफा ७१ (मादक पदार्थ निषेध गर्ने) मा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि वैशाख २७ गते राति १२ बजेदेखि मतदानको कार्य सम्पन्न नभएसम्मका लागि तोकिएको क्षेत्रमा मादक पदार्थको बिक्री, वितरण र सेवन सख्त निषेध गर्न गृह मन्त्रालयलाई लेखी पठाउने निर्णय गरेको छ ।

# गठबन्धनको मर्म र भावअनुसार भूमिका निर्वाह गर्ने प्रतिबद्धता

**चितवन ।** स्थानीय निर्वाचनको मितितय भएदेखि नै चर्चापरिचर्चाको शिखरमा रहेको जिल्लास्थित भरतपुर महानगरपालिमा आइतबार सम्पन्न पाँच दलीय गठबन्धनको आमसभा बोल्दै गठबन्धनसम्बद्ध उम्मेदवार तथा नेताहरूले संविधान र लोकतन्त्रको रक्षाका लागि आफ्ना व्यक्तिगत स्वार्थ त्यागेर साझा उम्मेदवारहरूलाई मतदान गर्नुपर्नेमा जोड दिए ।

सोही सभामा आफ्ना मत राख्दै गएको कार्यकालमा आफूले गरेको थालनी गरेको प्रमुख कामहरू जानकारी दिँदै भरतपुर महानगरपालिकाकी प्रमुख उम्मेदवारी नेकपा (माओवादी केन्द्र)की नेतृ निबर्तमान मेयर रेनु दाहालले आगामी पाँच वर्षे कार्यकालमा नगरवासी आमचाहना तथा गठबन्धनको मर्म, भावना र चाहना बमोजिम निर्वाह गर्नुपर्ने भूमिका, विकास सुसाशन र सामाजिक क्षेत्रको विकासको लक्ष्यलाई आत्मसात गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेकी थिइन् ।

आफूले पाँच वर्षे कार्यकालमा गरेका विकास, निर्माणका कामबारे जानकारी दिँदै उनले सडक कालोपत्रे गर्नेदेखि सिटी हल, पूलचोक गोन्द्राङ ब्यूटिफिकेशन सहितको सडक, चारलेनको बाईपास सडक, महानगरीय रिङ्रोड लिङ्क रोड, गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, उज्ज्यालो भरतपुर अभियानजस्ता महत्वपूर्ण पूर्वाधारको सुरुआत गरेको उल्लेख गरेकी हुन् ।

आफ्ना पाँच वर्षे कार्यकालमा भरतपुर विमानस्थलको स्तरउन्नती, देवघाटमा निर्माणाधीन शवदाह स्थललगायत स्वास्थ्य र शिक्षाको क्षेत्रमा गरिएका महत्वपूर्ण उपलब्धी भएको भन्दै दाहालले आगामी कार्यकालमा निर्माणाधीन पूर्वाधार सँगै नारायणी तटबन्धन, नारायणी नदी किनारको प्रस्तावित सीबिच मोडेल, भरतपुर विमानस्थलको स्तरउन्नती, कोरियन सरकारसँग भएको फोहोर व्यवस्थापन सम्बन्धी कामलगायत थुप्रै पूर्वाधार एवं पर्यटकीय सम्भावनाका क्षेत्रमा काम अगाडि बढाउने तयारीमा भइरहेको पनि उनको भनाइ थियो ।

शुरु गरिएका काम सम्पन्न गर्न र महानगरीय गुरु योजना अनुसार अगाडि बढ्नको लागि पाँच दलीय गठबन्धनले गरेको निर्णय अनुसार नै आफूलाई दोस्रो कार्यकालका लागि उम्मेदवार बनाएको दाहालले बताइन् । महानगर प्रमुखकी उम्मेदवार दाहालले आफ्नो एक मात्र उद्देश्य भरतपुरको सर्वाग्रिण विकास मात्र रहेको बताउँदै भनिन्- 'शुरु भएका र प्रस्तावित काम सम्पन्न गरी देशकै नमूना र हेर्न लायक सहरको रूपमा भरतपुरलाई परिणत गर्नु मेरो पहिलो ध्येय हो । आगामी कार्यकालमा सबैको साथ र सहयोगले प्रक्षेपित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने मलाई लाग्छ ।'

सोही सभालाई सम्बोधन गर्दै नेपाली कांग्रेसका तर्फबाट उपप्रमुख पदका उम्मेदवार चित्रसेन अधिकारीले सानो गल्तीले पछि पछुताउनुको विकल्प नहुने भन्दै प्रतिगमन विरुद्धको यो लडाईंमा पाँच दलीय गठबन्धनका उम्मेदवारलाई विजय गराउन सबैसँग अनुरोध गरे ।

यसैबीच कांग्रेस चितवनका सभापति राजेश्वर खनालले पाँच दलीय गठबन्धन भित्र रहेर गठबन्धनका साझा उम्मेदवार विरुद्ध बोल्ने र चलखेल गर्ने अधिकार कसैलाई पनि नभएको बताए । उनले हँसिया, हथौडा, कलम र रुख चिन्हमा कुनै विभेद नगर्न, चारतारे झण्डा होस् या हँसिया, हथौडा चिह्न अंकित झण्डा होस् जुन आइपर्छ त्यही बोकेर हिँड्न हामी एउटै यात्रा र गन्तव्यका यात्री हौं भनेर एक अर्कोलाई भरोसा र विश्वास गर्न आग्रह गरेका थिए ।

कार्यक्रममा कांग्रेस चितवनका पूर्वसभापति एवं केन्द्रीय सदस्य टेकप्रसाद गुरुङले गठबन्धलाई टुटाउन सकिन्छ कि मतदाताहरूलाई भ्रमित पार्न सकिन्छ भनेर गरिएका सम्पूर्ण भ्रम केही दिन यता समाप्त भएको बताए । उनले नेपाली पार्टीको संस्थागत निर्णय नमानी बागी विद्रोही उम्मेदवारी दिनेहरू कांग्रेस त रहेन रहेन सच्चा प्रजातन्त्रवादी नै हुन नसक्ने टिप्पणी गर्दै बाटो बिराएका सबैलाई मूलधारमा फर्कन आग्रह गरे ।

कार्यक्रममा माओवादी केन्द्रका नेता एवं राष्ट्रियसभा सदस्य नारायण दाहाल, कांग्रेसका नेता विजय भुषाल, एकीकृत समाजवादी चितवनका उपाध्यक्ष कृष्णराज न्योपाने, नेपाली कांग्रेसका पूर्वसभापति जीत नारायण श्रेष्ठ, केन्द्रीय सदस्य अन्जली श्रेष्ठ, संविधानसभा सदस्य एवं नेपाली कांग्रेस चितवनका पूर्वसभापति रामकृष्ण घिमिरे, प्रदेशसभा सदस्य मिलनबाबु श्रेष्ठ, कृषि तथा वन विज्ञान विश्वविद्यालयका पूर्व रजिष्टार प्राडा सूर्यकान्त धिमिरे, कांग्रेस केन्द्रीय सदस्य शान्ति परियारलगायतले आ-आफ्ना मत व्यक्त गरेका थिए ।

# भारोत्तोलन खेलाडी सन्जु मृत फेला

**काठमाडौं ।** तेह्रौं दक्षिण एसियाली खेलकुद (साग)मा नेपाललाई स्वर्ण पदक दिलाउने भारोत्तोलन खेलाडी सन्जु चौधरी मृतावस्थामा फेला परेकी छन् । जिल्ला प्रहरी परिसर ललितपुरका प्रहरी उपरीक्षक सिद्धिविक्रम शाहले कोठाभित्र झुण्डिएको अवस्थामा चौधरी फेला परेको जानकारी दिए । चौधरी बस्ने कोठाको भित्रबाट चुकुल लगाएको थियो ।

प्रारम्भिक अनुसन्धानमा खेलाडी चौधरीले आत्महत्या गरेको हुनसक्ने जानकारी दिँदै प्रहरी उपरीक्षक शाहले थप अनुसन्धानपछि मात्रै सत्यतथ्य यथार्थ पत्ता लाग्ने बताएका हुन् । चौधरीको शव परीक्षणका लागि पाटन अस्पताल लगिएको जानकारी दिए । खेलाडी चौधरी ललितपुरको लुभुस्थित भारोत्तोलन प्रशिक्षक सञ्जय महर्जनको घरमा कोठा भाडामा बस्दै आएकी थिइन् ।

बाँके जिल्लामा घर भएकी चौधरी १९औं एसियाली खेलकुद प्रतियोगिताका लागि प्रारम्भिक चरणमा छनोट भएकी चौधरी बन्द प्रशिक्षणमा सामेल हुन काठमाडौं आएकी थिइन् । बाँके घर भएकी अविवाहित चौधरीले सन् २०१९ मा नेपालमा नै आयोजना भएको १३औं सागमा महिला ५९ केजी तौल समूहमा स्वर्ण पदक हात पार्न सफल उनले श्रीलंकाली खेलाडीलाई पराजित गर्दै स्वर्ण पदक पजिनुभएको हो ।

# पहिलो जिम्मेवारी लिन सक्षम छौं : रेणु चौलागाईं

**काभ्रे ।** तत्कालीन माओवादीले थालनी गरेको गरेको बलिदानीपूर्ण जनयुद्धको आरम्भदेखि नै पार्टीमा आबद्ध चौरी देउराली गाउँपालिकाको अध्यक्षमा उम्मेदवार रेणुका चौलागाईं विसं २०३५ मा काभ्रे जिल्लाकै कात्तिके देउराली-६ मा जन्मिएकी थिइन् । सानैदेखि विद्रोही स्वभावकी रेणु चौलागाईंमा परिवर्तनको चाहना राख्ने र अन्याय, अत्याचार, शोषण र दमनका विरुद्ध आवाज उठाउनु पर्छ भन्ने मान्यता राख्नुहुन्छ । सोही सीलसीलामा उनको विवाह समेत सानै १६ वर्षकै अपरिपक्व उमेरमा पार्टीभित्रै जनवादी विवाह समेत भयो । उसबेला छोरी मान्छे राजनीतिमा लागेको खबरले परिवारमा उनको विवाह गरिदिने कुरा चल्दै गर्दा राजनीतिक पृष्ठभूमि भएका परिवार चौरीदेउराली गाउँपालिका-५ पोखरी चौरीका नविन गौतमसँग जनवादी विवाह समेत भयो ।

तत्कालीन जनयुद्ध सुरु भएदेखि अहिलेसम्म आफू क्रियाशील पार्टीका माध्यमबाट व्यवस्था परिवर्तनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको आफ्नो परिवारले समेत ठूलो त्याग, तपस्या र बदिदानमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै उनले आफ्ना परिवारका पाँच-पाँच जना सदस्यले परिवर्तनकै परिवर्तनकै निम्ति ज्यान गुमाउनु परेको र उनीहरूले देखेको सपना पूरा गर्न समेत आफ्नो उम्मेदवारी अनिवार्य भएको र जनताले पनि त्यसको मूल्यांकन गरी आफूलाई अमूल्य मत प्रदान गर्न चौलागाईंले अपिल गरेकी छन् ।

जनयुद्धमा चौलागाईंका दाजु कमल प्रसाद चौलागाई, आमाजु (दिदी) बिन्दा चौलागाईं र जेठाजु सहिद हुनुपरेको श्रीमान नविन गौतम र अर्की आमाजु कमला चौलागाईं शर्मा अझै बेपत्ता रहेको पीडालाई भुल्दै आजसम्म पनि निरन्तर जनताको सेवक बनेर काम गरिरहेकाले पनि आफ्नो जित सुनिश्चित रहेको विश्वासका साथ चुनावी मैदानमा होमिएको बताएकी छन् ।

एकातर्फ विसं २०५२ मै माओवादी जनयुद्ध सुरु हुनु र सोही आसपासमा आकास र आफूबीच जनवादी विवाह हुनुलाई समाजले तत्कालिन अवस्थामा निकै हल्ला नै बनाएको स्मरण ताजै रहेको बताउने रेणुले सिन्दुर, पोते, चुरा धागोको सट्टा अविर लगाएर र दियो बालेर हात मिलाउँदै भएको विवाहले तत्कालिन समाजमा भनै चुनौती दियो । त्यसपछि समाजको हेर्ने दृष्टिकोणमा परिवर्तन आए पनि प्रहरीका लागि उनी मुख्य तारो बन्न पुगिन् । माओवादी र प्रहरीबीच कतै भिडन्त हुँदा प्रहरीले उनलाई नै शंका गर्ने, सोधपुछ गर्ने, नौ कक्षाकी बालिकालाई बाटो छेकेर, विद्यालयमै पुगेर, घरमै पुगेर प्रहरीले सोधपुछ गर्थ्यो । सोही क्रममा विस्तारै उनको स्कुल जाने र पढ्ने वातावरण हराउँदै गयो । स्थानीय स्कुलमा अध्ययनरत रहँदा उनले तत्कालिन एकताकेन्द्रको विद्यार्थी संगठनमा आबद्ध हुनेमा विद्यालयभर आफू मात्रै भएको चौलागाईंले स्मरण गरेकी थिइन् । रेणुलाई सम्झना छ- 'राजनीतिमा लागेको खबरले कोही छक्क पर्थे, कोही कुरा काट्थे ।'

प्रहरीको पटक-पटकको धरपकडका कारण श्रीमान गौतम र उनका दाजु यानप्रसाद गौतम पनि भूमिगत भए । पछि विसं २०५६ मा तत्कालिन सरकार पक्षले पक्राउ गरी उनका श्रीमानलाई बेपत्ता बनाएपछि माइतीघर नजिकैको स्कुलमा पढ्न अप्ठेरो भएपछि घर नजिकैको स्कुलमा भर्ना भई पढ्न थाल्नुभयो । त्यहाँ पनि प्रहरीले उनलाई मानसिक यातना दिन छोडेन ।

विसं २०५३ सालमा पहिलो पटक प्रहरीको कब्जामा परेकी रेणुलाई एक हप्तासम्म यातना दिएको थियो । त्यो समय उनलाई डोरीले बाँधेर यातना दिएको मानसपटलमा अझै ताजै छ । प्रहरीको यातनाले कैयन दिनसम्म भित्र बाहिर गर्न समेत गाह्रो पर्ने गरेको थियो । उतिबेला प्रहरी दमनका कारण दस वर्ष माथिका पुरुषहरू घरमा बस्ने अवस्था थिएन । घरगृहस्ती, मेलापात, अर्मपर्म सम्पूर्ण कार्यहरू महिलाले गर्ने गरेका थिए । रेणुलाई पनि प्रहरीले निगरानी बढाएपछि विसं २०५३ मा विद्यार्थी संगठनबाट महिला संगठनमा आबद्ध हुन पुगिन् भने ०५४ देखि पार्टीको पूर्णकालिन सदस्य भएर जनयुद्धमा होमिएकी थिइन् ।

जनयुद्धकै दौरान २०५८ पुस १४ मा पुनः पक्राउ परेकी उनीसँग जेलमा बसेका दुई जना राजनीतिक बन्दीलाई हत्या गर्‍यो । उनलाई पक्राउ गरी पाँचखाल चौकी हुँदै काठमाडौं ल्याएर १६ दिनपछि छाउनी ब्यारेकमा पुर्‍याइ त्यहाँ एकहप्ता राखियो । त्यसपछि एकहप्ता, हनुमान ढोकामा जेलमा सेन्टर जेलमा २ वर्षसम्म रानेपछि विसं २०६० मा उनी छुटेकी थिइन् । पार्टीकै काममा क्रियाशिल चौलागाई २०६४ मा समानुपातिक तर्फबाट संविधानसभा सभासद समेत बनेकी थिइन् ।

जनयुद्धकालदेखि निरन्तर पार्टीमा सक्रिय चौलागाईं अहिले नेकपा (माओवादी केन्द्र)कै तर्फबाट चौरी देउराली गाउँपालिकाको अध्यक्षको उम्मेदवारको रूपमा विभिन्न चुनावी एजेण्डाका साथ मैदानमा उभिएकी छन् ।

राजधानी काठमाडौंदेखि नजिकै भएरै पनि विकट क्षेत्रको रूपमा परिचित डाँडापारी र कोशीपारी एवं शिक्षा, स्वास्थ्य, खानेपानीलगायत जनताका आयआर्जनका समस्याहरूलाई समाधान गर्दै यस पालिकालाई समुन्नत पालिकाका रूपमा रूपान्तरण गर्ने मुख्य एजेण्डाका साथ आफूलाई भोट दिन अपिल गर्दै चुनावी प्रतिस्पर्धामा होमिएकी हुन् ।

स्थानीय जनताले आफूलाई नेतृत्वमा आउनका लागि दिएको सुझाव अनुसार नै आफूले उम्मेदवारी दिएको बताएकी छन् । विगतदेखि नै महिला मुक्तिका लागि आवाज बुलन्द पार्दै आएको आफूले अहिले पनि महिलालाई सत्तामा सहभागी गराउनु पर्छ भन्ने मान्यताका साथ आफू आएको कुरामा जनताले साथ दिने उनको विश्वास थियो ।

'म यहीं छु, जनताको सुख, दुःख र अप्ठारोमा लागिरहेको छु । त्यसैले पनि मलाई जनताकै म आग्रहमा चुनावमा होमिएको हुँ उहाँहरू मेरो कामप्रति सन्तुष्ट हुनुहुन्छ' चौलागाईंको भनाइ थियो । - **पुष्पा महरा**बाट

# 'संकोच नमानी' पुरानै घरमा फर्कन विप्लवलाई वर्षमानको आग्रह



**रोल्पा ।** नेकपा (माओवादी केन्द्र)का नेता वर्षमान पुनले नेत्रविक्रम चन्द विप्लवलाई कुनै संकोच नमानी पुरानो घर फर्कन आग्रह गरेका छन् । निर्वाचनमार्फत श्रेष्ठता हासिल गरेर गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताजस्ता राजनीतिक परिवर्तन संस्थागत गर्ने माओवादी नीतिलाई संशोधनवादी र गद्दारीको बाटो भन्दै अर्को पार्टी गठन गरेका विप्लव अन्ततः चुनावकै बाटोमा फर्किएकामा प्रशन्नता व्यक्त गर्दै पुनले पार्टीमा स्वागत गर्न तयार रहेको बताएका हुन् ।

बाटो बिराएका विप्लव १० वर्षपछि मूलधारेको राजनीतिमा फर्किएको चर्चा गर्दै 'विप्लवजीले १० वर्षअघि बाटो बिराउनुभएको थियो । अहिले सही बाटोमा फर्कनुभएको छ' पुनको भनाइ थियो । गृहजिल्ला रोल्पाको सुनछहरी गाउँपालिको फगाममा सोमबार आयोजित चुनावी सभालाई सम्बोधन गर्दै पुनले 'गणतन्त्र, संघीयताको र सामाजिक न्यायसहितको मुलधारमा, मुल बाटोमा स्वागत छ' भने ।

आफूहरु गणतन्त्रसहितका परिवर्तन संस्थागत गर्न लागिपरेका बेला प्रतिक्रान्तिकारीको आरोप लगाउँदै विप्लवले पार्टी छाडेको स्मरण गर्दै पुनले 'एकीकृत क्रान्ति' को लाइन बिसर्जित भएको टिप्पणी गरे । गलत बाटो हिंडेकैले विप्लव समूहमा फुट आएको तर्क गर्दै उनले कतै काँग्रेस, कतै एमाले र कतै अरु दलको चुनाव चिन्ह लिएर विप्लवले स्थानीय निर्वाचनमा भाग लिएको भन्दै पुनले त्यसो गर्नुभन्दा प्रचण्डले नेतृत्व गरेको मुलधारमा समाहित हुनु प्राकृतिक र हितकर हुने विश्लेषण गरे । 'कतै एमाले, कतै काँग्रेस, कतै अरु दलको चिन्ह बोकेर हिंड्नुभएको छ । अरुका पछाडि लाग्नुभन्दा प्रचण्ड नेतृत्वको मुलधारमा आउनुहोस्, यसमा नलजाए हुन्छ ।' पार्टीमा फर्किए विप्लव सहित नेता-कार्यकर्तालाई उचित जिम्मेवारी दिन आफूहरु तयार रहेको पुनले रोल्पाका अधिकांश पालिकामा विप्लव समूहले कांग्रेस, एमाले र राप्रपासँग चुनावी तालमेल पनि सुनाए ।

एक फरक प्रसंगमा पुनले देशैभर सत्ता गठबन्धनबीच तालमेल भए पनि कांग्रेस जिल्ला नेतृत्वको अराजक र अराजनीतिक चरित्रका कारण रोल्पामा तालमेल गर्न नसकिएको उल्लेख गरे । स्थानीय कांग्रेस नेतृत्वले पाँच दलीय गठबन्धनको भावनाविपरीत गठबन्धन बाहिरका दलसँग चुनावी तालमेल गरेकामा आपत्ति जनाए । कांग्रेसले रोल्पामा एमाले र विप्लव नेतृत्वको नेकपासँग चुनावी तालमेल गरेको छ । सोही क्रमम पुनले एमालेको वैचारिक र राजनीतक उत्तराधिकारी नेकपा एकीकृत समाजवादी र नेता माधव नेपाल भएको उल्लेख गरे ।

# संसद् विघटन गर्नेले जनमतको अपमान गरे : थापा



**काठमाडौं ।** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद ओलीतर्फ औंल्याउँदै संसद विघटन गर्नेले जनताले दिएको मतको सम्मान गर्न नसकेको बताएका छन् ।

स्थानीय तहको निर्वाचनको पूर्वसन्ध्यामा नेपाली कांग्रेस काठमाडौं महानगरपालिका-२६ द्वारा आयोजित घरदैलो एवं चुनावी सभालाई सम्बोधन गर्दै थापाले दुई-दुई पटक संसद विघटन हुँदा जनमतको अपमान भएको भएको बताएका हुन् । 'नेकपाले सरकार र संसद चलाउन नसक्नु नेकपा आफ्नै कमजोरी हो, पाँचवर्षे सरकारको नेतृत्व गर्ने अवसर पाएको नेकपा सरकारले संसद विघटन गरेर जनतमको अपमान गरेको छ' भन्दै थापाले विसं २०७४ को स्थानीय निर्वाचनमा काठमाडौं महानगरका जनताले समेत अवसर दिएका प्रतिनिधिले समेत सोचजस्तो विकासका काम गर्न नसकेको बताए ।

'पाँच वर्षमा काठमाडौं महानगरमा यो राम्रो काम गरें भनेर जनताको घरदैलोमा आउने हिम्मत समेत नेकपा (एमाले)सँग छैन' थापको भनाइ थियो ।

गठबन्धनको तर्फबाट काठमाडौं महानगरपालिकाको प्रमुखको उम्मेदवार सिर्जना सिंहले टिकट पाएको भन्दै उनले एक पटक आफ्नो उम्मेदवारलाई मत दिएर हेर्न मतदातासँग आग्रह समेत गरे ।

# देशको समृद्धिका लागि राज्यका निकाय पारदर्शी र जवाफदेही बन्नुपर्नेमा उपराष्ट्रपति पुनको जोड

काठमाडौं । उपराष्ट्रपति नन्दबहादुर पुनले मुलुकको आर्थिक समृद्धिका लागि राज्यका निकाय जनताप्रति पारदर्शी र जवाफदेही बन्नुपर्ने औंल्याएका छन् । राष्ट्रिय सूचना आयोगको १५औं स्थापना दिवसका अवसरमा संघीय राजधानी काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उपराष्ट्रपति पुनले सो कुरा बताएका हुन् । उनले सूचनाको हकको प्रभावकारी कार्यान्वयन भए मात्रै राज्य र जनताको हित हुने समेत उल्लेख गरे ।

'सूचनाको उज्यालोबाट मात्रै सुशासन, असलशासन वा हामीले चाहेको जस्तो आर्थिक विकास सहितको समृद्धि हासिल गर्न सकिन्छ' सुशासन, लोकतन्त्र र राष्ट्रको समृद्धिका लागि सूचनाको हकको ज्यादै महत्व रहेको उल्लेख गर्नुहुँदै उनले जहाँ नागरिकले राज्य तथा सार्वजनिक निकायको काम कारबाहीबारे सहज सूचना पाउँछन्, त्यो राज्यमा सुशासन र असलशासन कायम हुने टिप्पणी गरे ।

'जबसम्म राज्यले जनतालाई सूचना दिँदैनन् वा जनताले राज्यबाट सूचना पाउँदैनन, तबसम्म त्यो राज्य र जनता दुवै अन्धकारमा रहन्छन्' उपराष्ट्रपति पुनले थपे 'राज्यको नीति सबैले कार्यान्वयन गर्नुपर्छ, संविधानले दिएको अधिकार सबैले प्रयोग गर्नुपर्छ, त्यस अर्थमा सूचनाको प्रवाह जरुरी छ ।' उनले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था संविधानको धारा २७ ले गरेको चर्चा गरे ।

लोकतन्त्रमा आमजनता सूसुचित हुनुपर्ने उल्लेख गर्दै उनले राज्यले सार्वजनिक महत्वबारे सूचना दिनुपर्ने तथा लोकतन्त्र र जनताप्रति जिम्मेवार र पारदर्शी हुनुपर्नेमा जोड दिए । 'लोकतन्त्रमा जनताभन्दा शक्तिशाली अरु कोही हुन सक्दैन' उपराष्ट्रपति पुनको सहज रूपमा सूचना उपलब्ध गराउँदा मात्रै राज्यप्रति जनविश्वास बढेर जाने स्पष्ट पारे ।

अझै पनि सरल र सहज तरिकाले राज्यका विभिन्न निकायमा सार्वजनिक महत्वका सूचनामा नागरिकको पहुँच पुर्‍याउन नसकेको चर्चा गर्दै उनले सूचना अधिकारीले सूचना दिन भर्को मानिरहेको गुनासा आइरहेको बताए ।

पछिल्ला वर्षहरु विशेषगरी सञ्चारकर्मीहरूले सूचनाको हकको प्रयोग गरेर लुकाएर राखिएका सूचना बाहिर ल्याई जनतालाई सुसूचित बनाएर आशालाग्दा कामहरू गरेको उनको भनाइ थियो ।

कार्यक्रममा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले आर्थिक वर्ष २०७७/०७८ मा सम्पादित प्रमुख कार्यमध्ये आयोगमा दर्ता भएका सबै ७५३ पुनरावेदन उपर कारबाही गरिएको जानकारी गराएका थिए ।

सोही क्रममा आयोगले सूचना अभियान्ता उमीदप्रसाद वागचन्द, दुर्गा आचार्य, कैलाश माझि, मनोज रौनियारलाई 'विनय कसजु उत्कृष्ट अभियान्ता पुरस्कार-२०७९' प्रदान गरेको थियो । विभिन्न सरकारी कार्यालयमा कार्यरत कर्मचारी सूचना अधिकारी निर्मला लामा, दुर्गाप्रसाद शर्मा, राजु आचार्य, सत्य नारायण हुजदार र गोकर्णराज वाल्लेलाई 'उत्कृष्ट सूचना अधिकारी पुरस्कार-२०७९' पाएका थिए ।

## निरंकुश...

यसैबीच कांग्रेस सभापति देउवाले गठबन्धविरुद्ध बोल्ने र जाने जो कोहीलाई पार्टीमा ठाउँ नभएको भन्दै कारबाही गर्ने चेतावनी समेत दिए । पाँच दलीय गठबन्धनले मुलुकभरका विभिन्न क्षेत्रमा आयोजना भएको कार्यक्रममा बोल्दै शीर्ष नेताहरूले एउटै स्वरमा गठबन्धन संविधान र लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै मुलुकको समृद्धिका लागि आवश्यक रहेको स्पष्ट पारेका छन् ।

केही दिनअघि गठबन्धनद्वारा जनकपुरमा आयोजित आमसभालाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् । 'गठबन्धनको विरूद्धमा बोल्ने र पार्टी बाहिर गएर उम्मेदवारी दिनेहरूका लागि पार्टीमा कुनै स्थान छैन' उनको भनाइ थियो- 'लोकतन्त्र संस्थागत गर्नका लागि गरिएको गठबन्धन विरूद्ध बोल्ने वा पार्टी बाहिर गएर उम्मेदवारी दिनु सह्य हुने छैन ।'

देशभित्र रहेका नागरिकता लगायतका समस्या समाधान गर्न तथा संघीयतालाई संस्थागत गर्नका लागि गठबन्धनको आवश्यक्ता रहेको प्रधानमन्त्री देउवाको भनाइ थियो ।

'प्राप्त अधिकार संस्थागत गर्न र निरंकुश तथा तानाशाह प्रवृत्तिलाई अन्त्य गर्नका लागि गठबन्धनलाई विजयी बनाउनु आवश्यक छ' देउवाको आग्रह थियो ।

कार्यक्रमबीच माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले नेकपा एमालेका अध्यक्ष दाहालले खड्ग ओलीले संसद विघटन गरेपछि बनेको गठबन्धनमा कडा मिहिनेत पछि महानगरपालिका र उप-महानगरपालिकाको भागबण्डा मिलाउन सफल भएको उल्लेख गरे । आउँदा दिनमा समेत यो गठबन्धन कायमै रहने उनको भनाइ थियो ।

कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको रक्षाका लागि पाँच दलीय गठबन्धन भएको बताए । पाँच दलीय गठबन्धनका उम्मेदवारलाई मतदान गर्न अपिल गर्दै अध्यक्ष यादवले विगतभन्दा जनकपुरधाम राम्रो अवस्था सप्रेको बताए । उनले जनकपुरधाम अझै सुन्दर र व्यवस्थित नगरी बनाउनका लागि गठबन्धनका उम्मेदवारलाई जिताउन नगरवासीसँग अपिल गरे ।

कार्यक्रममा कांग्रेसका नेता रामचन्द्र पौडेलले जनकपुरधाममा स्वतन्त्र उम्मेदवार भारी रहेकाले गठबन्धनका नेताहरूले सचेत भएर गठबन्धनका उम्मेदवारलाई जिताउनका लागि कार्यकर्तालाई अपिल गरेका थिए । स्थानीय निर्वाचन नजिकँदै चुनावी रौनक पनि उत्तिकै तातेको छ ।

## गठबन्धनमा...

टुटाउने षड्यन्त्र भएको छ, यो षड्यन्त्रबाट हाम्रो पार्टी खत्तम हुन्छ, उहाँहरूको पनि खत्तम हुन्छ । कुनै पनि हालतमा गठबन्धन टुटाउने षड्यन्त्र भरतपुर र चितवनबाट हुन सक्दैन र हुनु हुँदैन । '

भरतपुर महानगरपालिकामा (माओवादी केन्द्र) र कांग्रेसबीच तालमेलमा सम्पन्न हुन गइरहेकाले गठबन्धनबाट मेयर (प्रमुख) पदका लागि उम्मेदवार रेनु दाहालले यसअघिका कार्यकालमा महत्वपूर्ण काम गरेको फेहरिस्त पेश गर्दै कांग्रेस सभापति देउवाले भने- 'उहाँलाई जिताउनुहोस्, १०/२० वर्ष गठबन्धन टिक्छ । उहाँले जितिसक्नुभएको छ, पार्टीका केही साथीहरूले बखेडा गर्नु आवश्यक छैन ।' सभापति देउवाले आफूले पार्टीमा ८२ प्रतिशत मत ल्याएर सभापति बनेको स्मरण गर्दै सभापति देउवाले भने- 'यो मत जनप्रतिनिधिको मत हो ।नेपाली जनताले गठबन्धनप्रति समर्थन भएर मैले जितेको हुँ । होइन भने मैले कहाँ जित्थे ।'




उनले गठबन्धनप्रति मेची-महाकालीका जनताको भरोसा भएर नै पार्टीका साथी लागेर सभापति जितेको दावी गरे । 'जनताले चुनेर आएका पार्टीका साथीहरूको भोटले पार्टी सभापति भएको हुँ' सभापति देउवाले सुनाए- 'नेपाली जनता र तिनका प्रतिनिधिले दुई तिहाईभन्दा बढी भोटले जिताउनुभयो । यो स्पष्ट हुन्छ, नेपाली जनता गठबन्धनप्रति विश्वस्त भएर मैले जितेको हुँ ।' सभापति देउवाले चितवन कांग्रेसले गठबन्धनका उम्मेदवारलाई जिताउनुपर्ने बताउँदै 'चितवनका साथीहरूको कर्तव्य छ । रेनु दाहाललाई सहयोग गर्नुपर्छ' भनेका छन् । 'ठाउँठाउँमा कालोपत्रे भएको छ । यहाँको भाउ बढेको छ । स्मार्टसिटी बनाउने भन्नुभएको छ' सभापति देउवाले भने ।

भरतपुरमै अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, अन्तर्राष्ट्रियस्तरको सभाहल र विमानस्थल दाहालको पहलमा बन्न लागेको भन्दै सभापति देउवाले विकासप्रेमी नेतालाई जिताउनु पर्नेमा जोड दिँदै थपे- 'भरतपुर महत्वपूर्ण ठाउँ बन्ने छ । संसारका पर्यटक आउनेछन् । क्रिकट हेर्न संसारभरिका मानिस आउँछन् ।'

यसैबीच सत्ता साझेदार पाँच दलीय गठबन्धनद्वारा पोखरामा आयोजित चुनावीसभालाई सम्बोधन गर्दै स्थानीय तहको निर्वाचन अग्रगमन र पश्चगमनबीचको संघर्ष भएको विश्लेषण गरेका छन् ।

'राष्ट्र, संविधान र गणतन्त्रको रक्षाका लागि अघि बढेको गठन्धनलाई विभाजित गर्ने षड्यन्त्र भइरहेका छन्, गठबन्धनका शक्तिहरूले धेरै मेहनत र अप्ठ्यारोसँग जुधेर अहिलेको गठबन्धनलाई अघि बढाउनुपर्दछ, स्थानीय चुनावमा मात्र होइन, भोलि प्रदेश र सङ्घीय चुनावसम्म लैजानु आवश्यक छ' अध्यक्ष दाहालको भनाइ थियो । अध्यक्ष दाहालले देशमा राजनीतिक स्थिरता र आर्थिक विकासको नयाँ युगको सुरुआत यही गठबन्धनबाटै गर्ने संकल्प लिइएको बताए । 'संविधान, लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, समानुपातिक समावेशीको रक्षाका लागि गठबन्धनको जन्म भएको हो' दाहालले भने 'गठबन्धन गरेर प्रतिगमन र प्रतिक्रान्तिकारीका विरुद्ध सङ्घर्ष नगरेको भए देश दुर्घटनामा परिसक्थ्यो ।'

'देशलाई प्रतिगमन र निरंकुशताबाट बचाउन नै यो गठबन्धनको जन्म भएको हो' भन्दै उनले ६ महानगर र ११ उपमहानगरमा गठबन्धनका साझा उम्मेदवार छान्न सजिलो नभए पनि सबैले देशको समग्र राजनीतिक स्थितिलाई विचार गरेर नेपाली जनताको भाग्य र भविष्यप्रति इमानदार भएर निर्णय गरिएको पनि बताए ।

मतदाता समक्ष गठबन्धनका साझा उम्मेदवारलाई विजयी गराउन आग्रह गर्दै अध्यक्ष दाहालले वैशाख ३० गतेको स्थानीय तह निर्वाचनमा पोखरा महानगरमा गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी)का धनराज आचार्य प्रमुखमा र नेपाली कांग्रेसका कोपिला रानाभाट उपप्रमुखको उम्मेदवारलाई विजयी गराउ आग्रह गरे ।

यसैबीच चितवनस्थित भरतपुरमा आयोजित पाँच दलीय गठबन्धनको विशाल आमसभाबीच बोल्दै गठबन्धनलाई अस्वीकार गरे देश दुर्घटनामा जाने बताए । उनले गठबन्धनमा आपस सहयोग कायम रहे धेरै परसम्म जाने र कमजोर भए देश दुर्घटनामा जाने बताए । 'गठबन्धन कमजोर पार्न खोज्नुभयो भने म त अब दायाँबायाँ गर्दिन, देश दुर्घटनामा पर्ने खतरा छ, त्यसको जवाफ अहिले गठबन्धनको विरोधमा जानेले दिनुपर्छ' भन्दै अध्यक्ष दाहालले रेनु दाहाल र चित्रसेन अधिकारीको टिमलाई अनुमोदन गरे १०/२० वर्ष गठबन्धनलाई कायम राख्ने प्रतिबद्धता व्यक्त गरे । उनले विसं २०४६ देखि कम्युनिस्ट र कांग्रेसबीच सहकार्य हुँदै आएको स्मरण गराउँदै अध्यक्ष दाहालले 'तपाईंहरूले अहिले पनि यो गठबन्धन राष्ट्रको आवश्यकता हो, गणतन्त्र र लोकतन्त्रको आवश्यकता हो, देशको विकास र समृद्धिको आवश्यक हो भन्ने नबुझेर हालिँदैन हँसिया हथौडामा भोट भन्नुभयो भने देश दुर्घटनामा जान सक्छ ।' गठबन्धन राष्ट्रको आवश्यकता रहेको भन्दै 'यो जनताको आवश्यकता हो, विकास र समृद्धिको आवश्यकता हो भनेर चितवनवासी जनताले उत्साहपूर्ण ढंगले भोट हालेर यो टिमलाई विजयी गराउनुभयो भने म उत्साहित हुनेछु र यो गठबन्धनलाई १०/२० वर्ष लैजाने मेरो प्रतिबद्धता हुनेछ ।'

बृहत्त शान्ति सम्झौतामा सहभागी दलहरूबीच गठबन्धन भएको उल्लेख गर्दै अध्यक्ष दाहालले कम्युनिस्ट पार्टीहरूसँग गठबन्धन गर्दा गर्दै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग प्रष्ट कुरा भएको पनि बताए ।

यसैबीच अध्यक्ष दाहालले स्थानीय तहको चुनावलाई अग्रगमन र पश्चगमनबीचको संघर्ष संज्ञा दिएका छन् । आसन्न स्थानीय तहको निर्वाचनलाई सामान्य रूपमा मात्रै नलिन आग्रह गर्दै उनले सिंहदरबार केन्द्रीत अधिकार जनताको घरदैलोमा स्थापित गराउन यसले सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माणका लागि कोसेढुंगा साबित हुने टिप्पणी गरेका हुन् ।

## गठबन्धनमा...

परिवर्तनप्रति सक्रिय पहलकदमी लिने निर्णय माओवादीले गरिसकेको छ । स्थानीय तहमा जलवायु परिवर्तन अनुकुलन हुने विकास एवं नीतिको खाका पनि माओवादीले कोर्दैछ भने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरबाट पनि जलवायु अनुकुलनका लागि यो परिस्थिति निम्त्याउनेहरूबाट क्षतिपूर्तिको माग गर्दैछ ।

समृद्ध नेपालका लागि पहिलो कर्तव्य समाज र राजनीतिलाई अग्रगमनतर्फ डोऱ्याउनु नै हो । यसको थालनी भ्रष्टाचारलाई राजनीतिक आवरणमा अघि बढाइरहेका प्रतिगमनकारी तत्वलाई परास्त गराउनु हो । लोकतन्त्र र संविधानका लागि रक्षार्थ खडा भएको गठबन्धनलाई विजयी गराउनु यसको अपरिहार्य सर्त हो । त्यसैले स्थानीय तह निर्वाचनमा तपाईं अग्रगमनतर्फ हो कि पश्चगमनतर्फ भन्ने महत्वपूर्ण प्रश्न छ। त्यो प्रश्नमा हामी सबै अग्रगमनको पक्षमा उभिएर अग्रगमनकारी शक्तिलाई विजयी गराउने दिशामा अग्रसर हुनु पर्नेछ।

# ओलीकै क्षेत्रमा एमालेका उम्मेदवार गठबन्धनको पक्षमा

**झापा ।** दमक नगरपालिकाको एमाले उम्मेदवार चुनावको मुखैमा आएर गठबन्धनको पक्षमा खुलेका छन् । गठबन्धनका उम्मेदवारको जीत सुनिश्चित देखिएकाले आफूले उम्मेदवारी फिर्ता लिएका हुन् । एमालेका अध्यक्ष खड्गप्रसाद ओलीकै गृहनगर दमक नगरपालिका निर्वाचनको संघारमा एमालेका उम्मेदवार नै गठबन्धनको पक्षमा खुलेपछि एमालेभित्र खैलाबैला मच्चिएको छ ।

उम्मेदवारले पार्टी नै छाड्न लागेको सुइँको पाएर ओली झापा पुगे पनि उम्मेदवार भने गठबन्धनको पक्षमा रहेको र एमाले परित्याग गरेको भन्दै विज्ञप्ती नै जारी गरे । दमक नगरपालिका- ७ का खुला तर्फका वडा सदस्य उम्मेदवार गुमानसिंह तामाङ निर्वाचनको मौन अवधि सुरु हुनुभन्दा केही घण्टा अघि मात्रै गठबन्धनेको पक्षमा उभिएका हुन् ।

उनले निर्वाचनको क्रममा घरदैलो गर्दै जादा गठवन्धन दललाई नै वडावासीहरुको सद्भाव तथा समर्थन देखिएको पनि बताएका छन् । उनले गठवन्धनको तर्फबाट नगर प्रमुखमा राम थापा र उप प्रमुखमा रेगिना भट्टराई (प्रसाई) तथा वडा अध्यक्षमा भीम पौडेलको उम्मेदवारीलाई नगरबासीको व्यापक जनसमर्थन समर्थन रहेको पनि बताएका छन् ।

उनले विज्ञप्तीमार्फत उल्लेख गरेका छन्,'म आफू पनि त्यही समर्थन तर्फ लाग्नु नै उचित भएको महशुस गरी मैले आजैदेखि नेपाल कम्युनिष्ट पार्टी एमालेको तर्फबाट सूर्य चिन्हमा दमक नगरपालिका वडा नं. ७ को खुल्ला सदस्य पदको उम्मेदारबाट आफ्नो उम्मेदारी फिर्ता लिने निर्णय गरेको छु । संयुक्त गठबन्धन दलको चुनावी कार्यक्रममा सहभागि भई सबै नगरबासी दाजुभाई तथा दिदी बहिनीलाई संयुक्त गठबन्धनको टिमलाई मतदान गर्न हार्दिक अनुरोध गर्दै आजकै मिति देखि नेपाल कम्युनिष्ट पार्टी एमालेको साधारण सदस्यबाट समेत राजीनामा गरी स्वतन्त्र भएको जानकारी गराउँछु ।'

# नेप्सेमा पहिरो : परिसूचक दोहोरो अंकले ओरालो

**काठमाडौं ।** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १८.६४ अंकले ओरालो लागेर दुई हजार ३५०.४२ मा ओर्लेको हो । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.७० अंकले घटेर ४५३.९६ मा पुगेको छ। कूल २२८ कम्पनीको ५२ लाख २७ हजार ३५९ कित्ता शेयर दुई अर्ब ३२ करोड ८४ लाख ३४ हजार २७३ मूल्यमा खरिद बिक्री भए । शेयर कारोबार हुने साताको अन्तिम दिन बिहीबारको कारोबारपछि बजार पूँजीकरण ३३ खर्ब ४३ अर्ब ५५ करोड ६९ लाख ७० हजार रूपैयाँ बराबर रहेको छ ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये हाल दुई उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने ११ उपसमूहको शेयर ओरालो लागेको छ। उत्पादन ८०.२५ र अन्य उपसमूह ७.३९ अङ्कले उकालो लागेको छ।
यसैगरी बैंकिङ १.७३, व्यापार २९.५६, होटल तथा पर्यटन ३४.७७, विकास बैंक ८९.०२, जलविद्युत् ५३.७२, वित्त ९.९, निर्जीवन बीमा ८३.३८, लघुवित्त ७४.५७, जीवन बीमा २५७.१४, सामूहिक लगानी कोष ०.१८ र लगानी १.३७ अंकले ओरालो लागेको छ।

कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको ११ करोड १० लाख ६७ हजार ४१८ रूपैयाँ बराबरको कारोबार भयो । यसैगरी राधी विद्युत् कम्पनी आठ करोड १० लाख ३४ हजार ९५७, अरुण भ्याली हाइड्रोपावर कम्पनी आठ करोड आठ लाख २४ हजार ८७८, प्राइम लाइफ इन्स्योरेन्स सात करोड ८३ लाख ९० हजार ७९२ र नयादी ग्रुप अफ पावर, सात करोड ४१ लाख ८५ हजार २५० रूपैयाँ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भए ।

नेप्सेका अनुसार बिहीबार पनि जाल्पा सामुदायिक लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि हुँदा सकारात्मक सर्किट लाग्यो। तेह्रथुम पावर कम्पनी ६.२०, युनियन हाइड्रोपावर ५.२२, शिवम् सिमेन्ट ५.१७ र बुद्धभूमि नेपाल हाइड्रोपावरका लगानी कर्ताले ३.९७ प्रतिशतले कमाएको हो ।

सोही अवधिमा सूर्योदय बोमी लघुवित्त १०, प्राइम लाइफ इन्स्योरेन्स ७.६३, युनियन लाइफ इन्स्योरेन्स ६.९६, गुराँस लाइफ इन्स्योरेन्स ५.८३ र श्री इन्भेस्टमेन्ट फाइनान्स कम्पनीका लगानीकर्ताले ५.१३ प्रतिशतले गुमाएको तथ्यांकले देखाएको छ। (रासस)

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं